# अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका,२०६८
# (पहिलो संशोधन, २०७१)

नेपाल सरकार (माननीय मन्त्रीस्तर) वाट मिति २०७१-०८-०३ मा स्वीकृत

नेपाल सरकार

कृषि विकास मन्त्रालय

# अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका,२०६८
# (पहिलो संशोधन, २०७१)

मकै नेपालमा परम्परागत रुपमा खेती गरिंदै आएको एक प्रमुख खाद्यान्न बाली हो । वर्तमान परिप्रेक्ष्यमा मकै एक बहुउपयोगी र औद्योगिक बालीको रुपमा विकास भै रहेको छ । कृषि नीति २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ ले निर्दिष्ट गरेका उद्देश्यलाई हासिल गरी आयात प्रतिस्थापन गर्दै स्वदेशमा अवस्थित कृषिजन्य उद्योगहरुलाई स्वदेशमै गुणस्तरीय कच्चा पदार्थ उत्पादन गरी आपूर्ति गर्न यस कार्यक्रमले सघाउ पुऱ्याउनेछ ।

कृषि तथा सहकारी मन्त्रालय (आ.व. ०६२/६३) को एक तथ्याङ्क अनुसार नेपालमा कूल ८५०९४७ हे क्षेत्रफलमा मकैको खेती गरिन्छ भने यसको उत्पादन र उत्पादकत्व क्रमशः १७३४४१७ मे.टन र २०३८ कि.ग्रा. प्रति हे. रहेको छ । त्यसैगरी कूल मकैले ढाकेको क्षेत्रफल मध्ये करिब ७०% मकै नेपालको पहाडी क्षेत्रमा वर्षायाममा असिंचित बालीको रुपमा खेती गरिन्छ भने तराई, भित्री मधेश, उपत्यका तथा चूरेभावर क्षेत्रहरुमा हिउँदे तथा वसन्त ऋतुहरुमा सिंचित बालीको रुपमा लगाइन्छ । उपयोग र अन्य महत्वको दृष्टिकोणले मकै बाली पहाडी क्षेत्रमा खाद्यान्नको निमित्त र तराईमा खाद्यान्नको अतिरिक्त पशुआहार उत्पादन गर्ने उद्योगहरुलाई मुख्य कच्चा पदार्थ उपलब्ध गराउने प्रमुख औद्योगिक बालीको रुपमा विद्यमान छ ।

अन्तरराष्ट्रिय रुपमा मकैको उपभोग बृहत् हुँदै गई हिजोआज मकैबाट बिभिन्न प्रकारको प्रशोधित खाद्य सामग्रीहरु, मकैको तेल, तथा इथानोल जस्तो जैविक इन्धन बनाउन समेत यसको प्रयोग बढ्दै गई रहेको छ । नेपालको सन्दर्भमा पहाडी क्षेत्र जहाँ खाद्य सुरक्षाको स्थिति कायमै रहेको छ, त्यस्ता क्षेत्रहरुमा मकै बालीलाई खाद्य सुरक्षाका लागि र तराई तथा भित्री मधेशका सुगम क्षेत्रहरुमा पशुपालन र कुखुरा उत्पादन कार्य व्यवसायीकरण भैसकेकोले त्यस्ता ठाउँहरुमा मकैलाई एक औद्योगिक नगदे बालीको रुपमा विकास र प्रचार-प्रसार गर्दै लैजानु आजको आवश्यकता र माग हो ।

नेपालमा दाना उद्योग संघको एक तथ्याङ्क अनुसार हाल नेपालको बिभिन्न क्षेत्रहरुमा १५४ दाना उद्योग संघमा आवद्ध भै संचालन भै रहेकोमा यी उद्योगहरुले अनुसुची १ मा उल्लेख भए अनुसार बार्षिक ४१०३१७ मे.टन दाना उत्पादन गरी रहेका छन । जुन नेपालको दाना मागको अनुपातमा ६५% हुन जान्छ । पशु तथा कुखुराको दानामा मकै र भटमासको मस्यौरा (Soyabean Cake) को मात्रा क्रमशः ४२% र ११% रहेको हुन्छ । जस अनुसार नेपालमा संचालन भैरहेको दाना उद्योगहरुको लागि १७२३३३ मे.टन मकै र ४५१३५ मे.टन भटमास आवश्यक पर्दछ । UN/CGPRT को प्रतिवेदन अनुसार सन् १९९९ मा नेपालको दाना उद्योगमा २१०००० मे.टन मकै खपत भएकोमा सन् २०१० मा ३,४२,००० मे.टन मकै आवश्यक पर्ने अनुमान गरिएको छ । त्यस्तै नेपाल दाना उद्योग संघको तथ्याङ्कमा वर्षेनी भारतबाट करिब रु. १ अर्ब २० करोड बराबरको ८६१६६ मे.टन मकै (४०-४५%) नेपाल भित्रिरहेको छ भने बाँकी मकै नेपालको आन्तरिक उत्पादनबाट आपूर्ति गरिँदै आएको छ ।

नेपालमा पशुजन्य उत्पादनहरु मासु, अण्डा र दूधको उपभोगको बार्षिक बृद्धिदर क्रमशः ३%, ३% र ३.५% ले बढीरहेको सन्दर्भमा दाना उद्योगहरु अझ बढ्दै जाँदा मकै, भटमास जस्ता कच्चा पदार्थहरुको आवश्यकता बढ्दै जाने अवश्यम्भावी छ । तसर्थ तराई र भित्री मधेशका सुगम क्षेत्रहरुमा स्थापित दाना उद्योगहरुलाई आवश्यक पर्ने मकै स्थानीय स्तरमा नै उत्पादन तथा बजार व्यवस्था मिलाउन मकै, भटमास उत्पादन अभियान विशेष कार्यक्रम संचालन गर्नु अति आवश्यक भएकोले सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न २०६४ सालमा मकै भटमास उत्पादन अभियान विशेष कार्यक्रम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४ निर्माण गरि लागु गरिएकोमा सो कार्यक्रम सञ्चालनका सम्वन्धमा विविध समस्या उत्पन्न भई हाल लागु भएको निर्देशिकाबाट सो समस्याका समाधान गर्न

संभव नभएकोले सञ्चालित कार्यक्रममा निरन्तरता प्रदान गरि प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यक्रम लागु भएका सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुलाई मिति २०६८।६।२६मा विभागीय निर्देशन समेत पठाईसकिएकोले उक्त कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने उद्देश्यबाट हाल कायम रहेको निर्देशिका खारेज गरि नेपाल सरकारले यो निर्देशिका निर्माण गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. निर्देशिकाको संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका,२०६८ रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु गरिनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम” भन्नाले मकै तथा भटमास वालीको सम्भाव्यताको आधारमा पकेट क्षेत्र बिस्तार गर्ने र त्यस क्षेत्रमा आवश्यक पर्ने सेवाहरु एकीकृत एवं पूर्ण रुपमा पुऱ्याउन सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

(ख) “कार्यक्रम” भन्नाले अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम सम्झनुपर्छ ।

(ग) “कार्यालय” भन्नाले कार्यक्रम लागु भएका क्षेत्रका सम्वन्धित जिल्ला कृषि विकास कार्यालय सम्झनु पर्छ ।

(घ) “निर्देशनालय” भन्नाले कार्यक्रम सञ्चालनको लागि जिम्मेवारी तोकिएको वाली विकास निर्देशनालय सम्झनु पर्छ ।

**३. कार्यक्रम तथा निर्देशिकाको उद्देश्यः** यस निर्देशिका बमोजिम कार्यक्रम तथा निर्देशिकाको उद्देश्य देहाय अनुसार रहेका छनः-

(क) संभाव्य क्षेत्रहरुमा मकै तथा भटमासको पूर्ण व्यवसायीक उत्पादन गरी दाना उद्योगहरुलाई स्वदेशमै कच्चा पदार्थको आपूर्ति व्यवस्था सुनिश्चित गर्ने

(ख) अन्तरबाली (घुसुवा बाली) प्रणाली मार्फत् खुद मुनाफा बढाउन मद्दत पुराउने ।

(ग) बीउ (उन्नत तथा हाईब्रीड), मलखाद, सिंचाई जस्ता अत्यावश्यक उत्पादन सामग्रीहरुको आपूर्ति सुनिश्चिता गर्ने ।

(घ) मकै तथा भटमास उत्पादक कृषक समूहलाई कार्यक्रमको केन्द्र बिन्दू बनाई समूहरुको सञ्जाल निर्माण गरी सहकारीकरण गर्दै लैजान सहयोग गर्ने ।

(ङ) उत्पादित मकै तथा भटमास वालीको बजार व्यवस्थालाई सुनिश्चित गर्दै लैजान मद्दत पुराउने ।

(च) कार्यक्रमका सरोकारवालाहरु बीचको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्न सहयोग पुराउने ।

## परिच्छेद २
## अभियानमुखी मकै तथा भटमास उत्पादन कार्यक्रम सञ्चालन सम्वन्धी नीति तथा रणनीतिहरु

**४.नीति तथा रणनिति अपनाइने : (१)** अभियानमुखी मकै तथा भटमास उत्पादन कार्यक्रमलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न नेपाल सरकारका विभिन्न निकायहरुबाट देहाय बमोजिमका नीति तथा रणनीतिहरु अपनाईनेछः-

(क) सुगम तराई र भित्री मधेशका ठाउँहरुमा दाना उद्योगहरु स्थापना गरिएको आधारमा Transaction cost लाई ध्यानमा राखी कार्यक्रम संचालन गरिने जिल्लाहरुको छनौट गरिनेछ ।

(ख) छानिएका जिल्लाहरुमा सम्बन्धित जि.कृ.वि.का. र जि.प.से.का.संग समन्वय गरी गा.वि.स./वडा छनौट गर्ने । तराईको हकमा सिंचाई सुविधा भएको क्षेत्रको छनौट गरिनेछ ।

[१](ख१) खण्ड (ख) बमोजिम छनौट भएका गाउँ विकास समितिहरुमा तराईको हकमा प्रति गाउँ विकास समिति कम्तीमा ५० हेक्टर र पहाडी जिल्लाको हकमा प्रति गाउँ विकास समिति कम्तीमा २५ हेक्टर क्षेत्रफल (Cluster Approach) मा उन्नत मकै खेतीको विस्तार हुने गरी कार्यक्रम लागू गरिनेछ ।

[२](ख२) एक गाउँ विकास समितिमा बढीमा ३ बर्ष सम्म कार्यक्रम कार्यान्वय गरिनेछ ।

(ग) छानिएको गा.वि.स. तथा वडामा कृषक समूह गठन/पुनःर्गठन गर्ने र प्रचार-प्रसार अभियान व्यापक रुपमा संचालन गर्ने ।

(घ) तराईको हकमा High Protein High Lycine (HPHL) भएको जात छनौट गरी बीउको आपूर्ति Contract procurement मार्फत् मिलाउने ।

(ङ) पहिलो वर्षका लागि अनिवार्य रुपमा हिउँद र वसन्त सिजनमा सिंचाई उपलब्ध हुने क्षेत्र छनौट गर्ने तथा आगामी वर्षहरुमा कार्यक्रम मार्फत् साना सिंचाईका कार्यक्रमहरु राख्ने ।

(च) पहाडी जिल्लाहरुमा मकै र भटमास तथा तराईका जिल्लाहरुमा मकै र बन्दा तथा मकै र बोडीको अन्तरबालीलाई प्राथमिकता दिईनेछ ।

(छ) तराईका जिल्लाहरुका लागि हिउँदे र वसन्ते सिजनमा उपयुक्त हुने भटमासको जात विकास भैनसकेको साथै दाना उद्योगमा प्रयोग हुने भटमासको मस्यौरा (Soybean Cake) तयार गर्ने प्रविधि हाल नेपालमा उपलब्ध नभएकोले वर्तमान परिप्रेक्ष्यमा तराईमा मकै बाली तथा पहाडमा मकै र भटमासमा केन्द्रित रही कार्यक्रम संचालन गर्ने ।

(ज) दाना उद्योग र कृषक समूह/सहकारी बीचमा करार उत्पादन (Contract production) सम्झौता गर्ने ।

(झ) कार्यक्रम संचालन गर्दा सिंचाई डिभिजन कार्यालयको सिंचाई आयोजना तथा जि.कृ.वि.का.को साना सिंचाई कार्यक्रममा आवद्ध (Tie-up) गरेर लैजाने ।

(ञ) कार्यक्रम संचालन गर्दा कृषक समूहलाई केन्द्र विन्दू मानी संस्थाको सुदृढीकरण गर्दै लैजानेर

(ट) मकै, भटमास उत्पादन अभियान कार्यक्रमलाई राष्ट्रिय परियोजनाको रुपमा विकास गर्दै केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee), क्षेत्रीय अनुगमन टोली (Regional Monitoring Team) तथा जिल्ला समन्वय समिति (District Coordination Committee) जिल्ला प्राविधिक टोली (District Technical Team) बीच विशिष्ट समन्वय र पारदर्शीता कायम गरी कार्यक्रम संचालन गर्ने ।

---

१,२ पहिलो संसोधन २०७१ बाट थप गरिएको ।

(ठ) कार्यक्रम संचालन सम्बन्धी विश्लेषणात्मक प्रगतिहरु मासिक, चौमासिक तथा बार्षिक रुपमा फर्मेट अनुसार बाली विकास निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय तथा कृषि विभाग अनुगमन तथा मूल्याङ्कन शाखामा पठाउने ।

(२) उपदफा (१) बमोजिमका रणनीतिलाई प्रभाबकारी रुपमा सञ्चालन गर्न नेपाल सरकारबाट आवश्यक कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइनेछ ।

## परिच्छेद ३
## आयोजनाको छनौट तथा सञ्चालन

**५.आयोजना क्षेत्रको छनौट गरिएको : (१)** नेपाल सरकारबाट आ.व २०६४।०६५ देखि अनुसूचीमा २ बमोजिमका तराइ र भित्री मधेशका जिल्लाहरुलाई आयोजना क्षेत्रको रुपमा छनौट गरि कार्यक्रम सञ्चालन गरिरहेको छ ।

(२) उपदफा (१) बमोजिम सञ्चालित आयोजनाको प्रगति राम्रो भई नेपाल सरकारबाट थप बजेट प्राप्त हुन आएमा उक्त आयोजनाको क्षेत्र थप गरि अन्य जिल्लाहरुमा समेत गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम आयोजना क्षेत्रको छनौट गर्दा देहायका आधार समेत लिईनेछः

(क) लक्षित मकै तथा भटमास उत्पादनको लागि प्राविधिक दृष्टिले उपयुक्त रहेको,

(ख) सुगम तराई र भित्री मधेशका जिल्लाहरुमा दाना उद्योगहरु स्थापना गरिएको आधारमा कारोबार खर्चलाई ध्यानमा राखी कार्यक्रम संचालन गरिन उपपुक्त रहेको ।

**६.कार्यक्रम संचालन सम्वन्धि व्यवस्था :(१)** कार्यक्रम सञ्चालन आयोजना छनौट भएका जिल्लाका क्षेत्रहरुमा वसोवास गर्ने कृषकहरुको समुह तथा सहकारी मार्फत सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट गरिनेछ ।

(२) उपदफा(१) बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक प्राविधिक सहयोग बाली विकास निर्देशनालय, राष्ट्रिय मकै बाली अनुसन्धान कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषदबाट उपलव्ध गराईनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्दा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुले जिल्ला पशुसेवा कार्यालय, सम्बन्धित दाना उद्योगहरुको प्रत्यक्ष सहयोग र समन्वयमा रही संचालन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनमा समन्वय एवं आवश्यक सहयोग पुराउनको लागि देहाय बमोजिमको तहमा देहाय बमोजिमका समितिहरुको गठन गरिनेछः-

(क) केन्द्रीय कार्यक्रम कार्यान्वयन समिति(Central Program Implementation Committee):

१. कार्यक्रम निर्देशक, बाली विकास निर्देशनालय - संयोजक

२. निर्देशक वा प्रतिनिधी, कृषि प्रसार निर्देशनालय - सदस्य

३. निर्देशक वा प्रतिनिधी, कृषि ईन्जिनियरिङ् निर्देशनालय- सदस्य

४. निर्देशक वा प्रतिनिधी, पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय-सदस्य

५. प्रमुख, रा.औ.बा.वि.का.- सदस्य

६. प्रमुख, वंगुर कुखुरा प्रबर्द्धन कार्यक्रम- सदस्य

७. निर्देशक वा प्रतिनिधी, कृषि उद्यम केन्द्र- सदस्य

८.अध्यक्ष बा प्रतिनिधी, नेपाल दाना उद्योग संघ- सदस्य

९. प्रमुख वा प्रतिनिधी, योजना तथा जनशक्ति शाखा, कृषि विभाग-सदस्य

१०. प्रमुख वा प्रतिनिधी, अनुगमन तथा मूल्याङ्कन शाखा, कृषि विभाग-सदस्य

११.प्रमुख वा प्रतिनिधि, मकै बाली अनुसन्धान कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद - सदस्य

१२. प्रमुख वा प्रतिनिधी, प्रविधि विस्तार शाखा, कृषि विभाग - सदस्य

१३. बाली विकास निर्देशनालयको निर्देशकले तोकेको बरिष्ठ/बाली विकास अधिकृत - सदस्य सचिव

(ख) क्षेत्रीय कार्यक्रम कार्यान्वयन समिति (Regional Program Implementation Committee)

१. निर्देशक, सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय -संयोजक

२. निर्देशक, सम्बन्धित क्षेत्रीय पशुसेवा निर्देशनालय -सदस्य

३. निर्देशक, क्षेत्रीय कृषि अनुसन्धान केन्द्र,नेपाल कृषि अनुसन्धान परिषद -सदस्य

४.सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयको निर्देशकले तोकेको अधिकृत सदस्य-सचिव

(ग) जिल्ला कार्यक्रम कार्यान्वयन समिति (District Program Implementation Committee)

१. प्रमुख, सम्बन्धित जि.कृ.वि.का. -संयोजक

२. प्रमुख, सम्बन्धित जि.प.से.का .-सदस्य

३. योजना अधिकृत, जि.कृ.वि.का. -सदस्य

४. अध्यक्ष वा प्रतिनिधी, सम्बन्धित दाना उद्योग संघ -सदस्य

५. अध्यक्ष वा प्रतिनिधी, एग्रोभेट संघ -सदस्य

६. बाली विकास अधिकृत, जि.कृ.वि.का.,बाली विकास अधिकृत नभएमा कृषि प्रसार अधिकृत वा बाली हेर्ने अधिकृतले -सदस्य सचिव

(५) उपदफा (४) बमोजिम बाहेक सम्वन्धित जिल्ला कृषि विकास कार्यालयका बाली विकास अधिकृत वा निज अधिकृत नभएमा कृषि प्रसार अधिकृत वा बाली हेर्ने अधिकृत र सम्वन्धित सेवा केन्द्रहरुका प्रा.स तथा ना.प्रा.स गरि कम्तिमा तीन जना सम्मिलित जिल्ला प्राविधिक टोली समेत गठन गरिनेछ ।

**७. कार्यक्रम सञ्चालन विधिः (१)** दफा ५ बमोजिमको कार्यक्रमको सञ्चालन सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट कार्यक्रमको पकेट क्षेत्र भित्र रही दर्ता भएका र हाल क्रियाशील रहेका कृषक समूह/सहकारीहरु मार्फत् गराइने छ ।

(२) सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुबाट कार्यक्रम सञ्चालन गर्न चाहने समूह/सहकारीहरुमा आवद्ध कृषकहरुको नाम, थर, ठेगाना, मकै खेती गर्ने क्षेत्रफल समेत उल्लेख गरी बीउको आवश्यक माग परिमाण र उत्पादित मकै तथा भटमासको विक्री वितरण सम्वन्धि योजना सहितको विवरण (नेपाल सरकारबाट सूचीकृत जातहरु मात्र) अग्रिम रुपमा संकलन गरिनेछ ।

(३) कृषकहरुबाट उपदफा (२) मकै तथा भटमासको वीउ माग गर्दा नेपाल सरकारबाट सूचीकृत जातहरु मात्र माग गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिम संकलन गरिएको मागका आधारमा आफ्नो जिल्लाको लागि आवश्यक पर्ने वीउ आपूर्ति गर्न सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुले ईच्छुक बीउ उत्पादक कम्पनी तथा तिनका आधिकारीक बिक्रेताहरुसँग प्रचलित आर्थिक ऐन नियमको अधिनमा रही छुट्टाछुट्टै प्राविधिक र आर्थिक प्रस्ताव माग गर्नुपर्नेछ ।

(५) उपदफा(४) बमोजिम माग भएको प्राविधिक प्रस्तावमा देहाय बमोजिमका कुराहरु उल्लेख गर्नुपर्नेछः-

(क) बीउ उत्पादक कम्पनी आफैं वा निजबाट यस कार्यक्रमको लागि प्रतिस्पर्धा गर्ने भनि अख्तियारी प्राप्त बिक्रेतामार्फत् प्राविधिक प्रस्ताव पेश गर्नुपर्ने ।

(ख) प्रस्तावक कम्पनी वा निजको वितरक प्रतिनिधी कम्तीमा ३ वर्षदेखि नेपालमा वीउविजनको कार्यमा संलग्न रहेको हुनु पर्ने ।

(ग) प्रस्तावक कम्पनीबाट नेपालमा बिक्री वितरण गरिने जातहरुका बहुस्थलीय परीक्षण (Multilocational trails) संचालन गरेको प्रमाण पेश गर्नु पर्ने छ । साथै कम्पनीका बीउ प्रयोग गरिरहेका कृषकहरुको प्रतिकृया समेत संलग्न हुनु पर्ने।

(घ) बिक्री वितरण गरिने बीउ कहाँ उत्पादन भएको हो सोको प्रमाण पेश गर्नुपर्ने छ । साथै बिक्री वितरण गरिने हरेक लटको प्रयोगशाला परीक्षण (Germination, .... अन्य) रिपोर्ट समेत पेश गर्नु पर्ने ।

(ङ) प्रस्तावक कम्पनीको आफ्नै अनुसन्धान तथा विकास कार्यक्रम (Research and Development Newtwork) र नेपालको लागि प्राविधिक टोली समेत उपलब्ध भएको हुनु पर्ने ।

(च) यसरी वितरण गरिने बीउमा लेखिएका सूचनाहरु नेपाली भाषामा समेत लेखिएको हुनु पर्ने ।

(छ) बीउ पैठारी गर्दा अनिवार्य रुपले Phytosanitary certificate पेश गर्नु पर्ने ।

(६) उपदफा (४) बमोजिम माग गरिने आर्थिक प्रस्तावमा प्रचलित आर्थिक ऐन नियममा उल्लेखित प्रावधानका साथ साथै देहायका कुराहरु समेत उल्लेख भएको हुनु पर्नेछः-

(क) प्रस्तावदाताले दिन चाहेको वीउको जात र प्रकार अनुरुप प्रति के.जी. मूल्य खुलेको हुनु पर्ने ।

(ख) बिक्रेताले प्रस्तावमा माग भएको विन्दु सम्म ढुवानी (Delivery) दिन सक्ने अवस्था स्पष्ट रुपमा खुलेको हुनु पर्ने ।

(ग) प्राप्त हुन आएका प्रस्तावहरु मध्ये सर्वप्रथम प्राविधिक प्रस्तावहरुलाई खोली त्यसको मूल्याङ्कन गर्नु पर्ने छ ।

(घ) तोकिएको मापदण्ड पूरा गरी प्राविधिक प्रस्ताव पेश गरेका कम्पनीहरुको मात्र आर्थिक प्रस्ताव खोल्नु पर्नेछ ।

(ङ) खोलिएका आर्थिक प्रस्तावहरु मध्येबाट प्राविधिक रुपमा सफल न्यूनतम मूल्यमा बीउ उत्पादन गराउने कम्पनीलाई वीउ आपूर्ति गर्ने कार्यको लागि छनोट गर्नु पर्ने छ ।

(च) प्राविधिक र आर्थिक प्रस्तावबाट छनौट भएका आपूर्तिकर्तासँग गरिने खरिद सम्झौतामा बीउको कारणबाट बाली असफल भएको खण्डमा अन्तर्राष्ट्रिय प्रचलन अनुसार क्षतिपूर्ति दिने सम्वन्धी प्रावधान उल्लेख गर्नुपर्नेछ ।

(७) बीउ प्राप्त भएपछि संकलित मागको आधारमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले माग गर्ने कृषक समूह/सहकारीको आधिकारीक व्यक्तिलाई कुपन उपलब्ध गराईदिनु पर्ने छ ।

(८) उपदफा(७) बमोजिम प्राप्त गरेको कुपनको आधारमा समूह/सहकारीले आपूर्तिकर्ताबाट आफ्नो रकममा बीउ खरिद गर्नुपर्नेछ ।

(९) उपदफा(८) बमोजिम खरिद गरिसकेपछि खरिद बील सहितको निवेदन सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१०) उपदफा(९) बमोजिम पेश भएको निवेदनका सम्वन्धमा जिल्ला कृषि विकास कार्यालयले आवश्यक जाँचबुँझ गरि नेपाल सरकारले तोके बमोजिमको अनुदान रकम उपलब्ध गराउनु पर्ने छ ।

८.**प्रमुख भूमिका र जिम्मेवारी तोकिने** : (१) कार्यकमलाई सुचारु रुपले सञ्चालन गराउन नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरुलाई कार्यकम कार्यान्वयन सम्वन्धमा जिम्मेवारी तथा भूमिका समेत तोकिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिने जिम्मेवार व्यक्ति र निजको भूमिका अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

९.**वजेट सम्वन्धी व्यवस्था:** बाली विकास निर्देशनालयबाट कार्यक्रम संचालन भएका जिल्ला कृषि विकास कार्यालयहरुलाई स्वीकृत कार्यक्रम अनुसार खर्चको अख्तियारी प्रदान गर्ने व्यवस्था मिलाइनेछ । र क्षेत्रीय र केन्द्रीय स्तरका कार्यक्रमहरुको हकमा आवश्यक पर्ने रकम बाली विकास निर्देशनालयमा राखी नमर्स (अनुसूची ४मा उल्लेखित) अनुसार खर्च गरिनेछ ।

## परिच्छेद ४
## विविध

१०.**प्रतिवेदन पेश गर्नुपर्ने**: (१) कार्यकम सञ्चालन भएका जिल्लाका जिल्ला कृषि विकास कार्यालयहरुले संचालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा क्षेत्रीय कृषि निर्देशनालय र वाली विकास निर्देशनालयलाई पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएका प्रगति प्रतिवेदनहरुलाई निर्देशनालयले एकमुष्ट संहिकरण गरि विश्लेषणात्मक प्रतिक्रिया सहित विभागमा पठाउनु पर्नेछ ।

११.**अनुगमन सम्वन्धी व्यवस्था** : (१) कार्यकम निर्धारित लक्ष्यका साथ सञ्चालन भएको छ वा छैन भनि सो कार्यकम सञ्चालन भएको तल्लो तहसम्म अनुगमनको कार्य सञ्चालन गरिनेछ ।

(२) कार्यकम सञ्चालन भएका क्षेत्रका किसानहरुले के कसरी कार्यान्वयन गरका छन भन्ने सम्वन्धमा सम्वन्धित कृषि सेवा केन्द्र तथा जिल्ला कृषि विकास कार्यालयका प्राविधिकहरुबाट अनुगमन गरिनेछ ।

(३) सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालय, वाली बिकास निर्देशनालय, विभाग तथा कृषि तथा सहकारी मन्त्रालयबाट समेत कार्यकम कार्यान्वयनका सम्वन्धमा समय समयमा अनुगमन गरिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम अनुगमन गर्दा लक्षित अनुगमन कार्यको समय सीमा र अनुगमन गर्ने व्यक्ति समेत तोकी कार्ययोजना तयार गरी सोही अनुरुप अनुगमन कार्य सम्पन्न गरिनेछ ।

(५) यस दफा बमोजिम अनुगमन गर्न जाने  व्यक्ति वा टोलीले अनुगमन कार्य सम्पन्न गरिसकेपछि आफुले अनुगमनमा देखेका कुराहरु सहितको प्रतिवेदन आफु बाहाल रहेको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१२.निर्देशिकामा संशोधन**: नेपाल सरकारले आवश्यक्ता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

**१३.खारेजी र बचाउः** (१) मकै भटमास उत्पादन अभियान विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४ खारेज गरिएको छ ।

(२) उक्त निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसुची १

मुख्य-मुख्य दाना प्रशोधन उद्योगहरु (१९९९-२०००)

| क्र.सं. | जिल्ला | उद्योगहरुको संख्या | बार्षिक उत्पादन (मे.टन) | प्रतिशत |
|---|---|---|---|---|
| १. | काठमाण्डौं | ३० | १९२८४८ | ४७ |
| २. | ललितपुर | ४ | १२३०९ | ३ |
| ३. | भक्तपुर | १६ | २८७२२ | ७ |
| ४. | काभ्रे | ५ | १२३०५ | ३ |
| ५. | धादिङ्ग | १ | ८२०६ | २ |
| ६. | चितवन | १८ | ४१०३८ | १० |
| ७. | मकवानपुर | ८ | १६४१२ | ४ |
| ८. | कास्की | १४ | १२३०९ | ३ |
| ९. | तनहुँ | २ | ८२०६ | २ |
| १०. | पर्वत | १ | ४१०३ | १ |
| ११. | नवलपरासी | १ | ४१०३ | १ |
| १२. | रुपन्देही | ४ | ८२०६ | २ |
| १३. | सिराहा | १ | १२३०९ | ३ |
| १४. | सुनसरी | १ | १६४१२ | ४ |
| १५. | मोरङ्ग | १ | ८२०६ | २ |
| १६. | झापा | १ | ४१०३ | १ |
| १७. | अन्य | ४६ | २०५२० | ५ |
| | **जम्माः** | **१५४** | **४१०३१७** | **१००** |

Source: Nepal Feed Industry Association-2002, Kathmandu and Feasibility Study of Feed Industry in Nepal, WIBA Consultant for DANIA, 1993

अनुसूची २

आयोजना लागु भएका जिल्लाहरुको विवरण

| सि.नं | कार्यक्रम लागु भएका जिल्लाहरु | क्षेत्रफल | आ.ब | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **२०६४।६५** | **२०६५।६६** | **२०६६।६७** | **२०६७।६८** | **२०६८।६९** |
| १. | सुनसरी | हे. | ३०० | १००० | १२०० | १२०० | १२०० |
| २. | बारा | हे. | ५०० | १००० | १२०० | १२०० | १२०० |
| ३. | रौतहट | हे. | ३०० | १००० | १३०० | १३०० | १३०० |
| ४. | सर्लाही | हे. | ५०० | १००० | १२०० | १२०० | १२०० |
| ५. | चितवन | हे. | ३०० | ४०० | ४०० | ६०० | ६०० |
| ६. | काभ्रे | हे. | १५० | ५०० | ५०० | ६०० | ६०० |
| ७. | नवलपरासी | हे. | - | ६०० | ६०० | ७०० | ७०० |
| ८. | रुपन्देही | हे. | - | ४०० | ४०० | ५०० | ५०० |
| ९. | दाङ्ग | हे. | - | - | - | ३०० | ५०० |
| | | | २०५० | ६००० | ७००० | ७९०० | ८१०० |

# अनुसूची ३

## आयोजना संचालनमा सम्बन्धित निकायहरुको भूमिका तथा जिम्मेवारी

| क्र.सं | निकायहरु | मुख्य भूमिका | जिम्मेवारी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| १. | कृषि तथा सहकारी मन्त्रालय | प्रस्तावित कार्यक्रम निर्देशिका तथा नर्मस् स्वीकृत गर्ने तथा नितिगत मार्ग दर्शन | नितिगत निर्देशन एबं अनुगमन, मुल्याङ्कन । | सहसचिव योजना र मुल्याङ्कन महाशाखा |
| २. | कृषि विभाग | नीतिगत निर्देशन, अनुगमन तथा प्राविधिक सरसल्लाह तथा सुझाव | कार्यक्रम तर्जुमा सम्बन्धी निर्देशन तथा अनुगमन | म.नि. ⁄ उ.म.नि. |
| ३. | पशु सेवा विभाग | समन्वय, प्राविधिक सरसल्लाह तथा सुझाव, अनुगमन निरीक्षण | कार्यक्रम तर्जुमा तथा अनुगमनमा सहयोग | – निर्देशक, पशु उत्पादन निर्देशनालय<br>– प्रमुख, केन्द्रीय बंगुर कुखुरा प्रबर्द्धन कार्यक्रम |
| ४. | नेपाल कृषि अनुसन्धान परिषद | Technology Verification, प्राविधिक सहयोग | सहभागितामूलक जातीय छनौट, कार्यक्रम तर्जुमामा सहयोग | – प्रमुख, मकै बाली अनुसन्धान कार्यक्रम |
| ५. | बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र तथा क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरु | बीउ परिक्षण तथा गुणस्तर नियन्त्रणमा सहयोग | अनुगमन निरीक्षण तथा बीउ परिक्षण | प्रमुख |
| ६. | बाली विकास निर्देशनालय | – एकीकृत कार्ययोजना निर्माण<br>– सम्बन्धित निकायहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने ⁄ गराउने<br>– कार्यक्रमको अनुगमन गर्ने ⁄ गराउने | सरोकारवालाहरुसंग समन्वय राखी कार्ययोजना तर्जुमा प्रतिवेदन तयार गर्ने र कार्यक्रम कार्यान्वयनमा आवश्यक निर्देशन तथा सहयोग | कार्यक्रम निर्देशक |
| ७. | कृषि प्रसार ⁄ ईन्जिनियरिङ, पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय | प्रविधि विस्तारमा सहयोग तथा प्राविधिक सरसल्लाह । | – प्रविधि विस्तारमा सहयोग | कार्यक्रम निर्देशक |
| ८. | क्षेत्रीय कृषि ⁄ पशु सेबा निर्देशनालय तथा क्षेत्रीय कृषि अनुसन्धान केन्द्र | क्षेत्रगत रुपमा निर्धारण भए अनुसारका कार्यहरु गर्ने ⁄ गराउने, अनुगमन र समन्वय | कार्यक्रम संचालन, अनुगमन र समन्वय गर्ने | क्षे.कृ.निर्देशकहरु |
| ९. | सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु | बाली विकास निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला स्थित दाना उद्योगहरुसंगको समन्वयमा निर्धारण भए अनुसार पकेट क्षेत्रको कार्यक्रमहरु संचालन गर्ने | – कृषक छनौट कार्यक्रम सम्बन्धी चेतना जगाउने<br>– कृषक समूहहरु मार्फत् उत्पादन कार्यक्रम संचालन गर्ने<br>– बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने<br>– प्रतिवेदन तयार गर्ने | प्रमुख, जिल्ला कृषि विकास कार्यालयहरु |
| १०. | जिल्ला पशु सेवा कार्यालयहरु | तालिम, समन्वय तथा बजार व्यवस्थापन | – तालिमसमन्वय तथा वजार व्यवस्थापनमा सहयोग | प्रमुख, जिल्ला पशुसेवा कार्यालयहरु |
| ११. | नेपाल दाना उद्योग | कार्यक्रम तर्जुमा तथा बजार | – कार्यक्रम तर्जुमा तथा | अध्यक्ष, नेपाल दाना |

| क.सं | निकायहरु | मुख्य भूमिका | जिम्मेवारी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| | संघ | व्यवस्थापन | बजार व्यवस्थापनमा सहयोग | उद्योग संघ |
| १२. | कृषि उद्यम केन्द्र | समन्वय तथा बजार व्यवस्थापन | – समन्वय तथा बजार व्यवस्थापनमा सहयोग | निर्देशक |
| १३. | सिंचाई विभाग/डिभिजन कार्यालय | समन्वय | – कार्यक्रम लागू हुने पकेट क्षेत्रमा सिंचाईको सुनिश्चितता कायम गर्ने | प्रमुख डिभिजन कार्यालय |
| १४. | सहकारी विभाग/डिभिजन कार्यालय | समूह सहकारिकरण र तिनको व्यवस्थापन । | – सहकारीकरणमा सहयोग गर्ने । | प्रमुख डिभिजन कार्यालय |

## अनुसूची ४

## [३]कार्यक्रम संचालन खर्चको नर्मस्

(क) प्रोत्साहन स्वरुप आयातित हाईब्रिड मकै बीउको मूल्यमा ३३ प्रतिशत अनुदान (अधिकतम अनुदान रु. ६६ प्रति किलोग्राम) र स्वदेशमा विकास गरिएका हाईब्रिड तथा उन्नत मकै बीउको मूल्यमा ५० प्रतिशत अनुदान

(ख) स्वदेशमा विकास गरिएका उन्नत भटमास बीउको मूल्यमा ५० प्रतिशत अनुदान

(ग) मकै तथा भटमासको बीउ ढुवानीमा शत् प्रतिशत अनुदान

(घ) प्रति हेक्टर बढीमा रु. दुई सयका दरले आकस्मिक बाली संरक्षण सहयोग

(ङ) मकै छोडाउने मेशीन (थ्रेसर) लगायत औजार उपकरणको मूल्यमा पचास प्रतिशत अनुदान

(च) प्रचलित नर्मस अनुसार कृषकहरुलाई प्राविधिक (घुम्ति) तालिम संचालन

(छ) प्रचलित नर्मस अनुसार अन्य तालिम, सर्वेक्षण, अध्ययन कार्यक्रम संचालन

---

३ पहिलो संसोधन २०७१ बाट संसोधित ।